**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. ३२८

पुनरावेदन नं. ०७६-RB-०१११

**मुद्दाः– आयकर (२०७१/०७२) ।**

| | |
|---|---|
| साविक विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेड हाल का.जि.का.म.न.पा.वडा नं.१ हात्तिसार स्थित सिद्धार्थ बैंक लिमिटेड प्रधान कार्यालयको तर्फबाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत वर्ष ५६ को शम्भु नाथ गौतम.........................१ | **पुनरावेदक /प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय,हरिहरभवन ललितपुर............................................ १<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट..........................................................१ | **प्रत्यर्थी/ वादी** |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय,हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनीराम शर्मा

शुरु कर्यालयको निर्णय मितिः–२०७५/१२/१०

**पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७६/०५/०३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।५।३ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पुनरावेदक करदाता साविक विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेड हाल सिद्धार्थ बैंक लिमिटेडले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.२२,१६,००,६३०।- देखाई मिति २०७२/०९/२३ मा विवरण पेश गरेको ।

२. करदाताले आ.व.०७१/०७२ को पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा कर लेखा प्रतिवेदनमा उल्लेख भए अनुसार आयकर ऐन २०५८ बमोजिम खर्च कट्टी दावी गर्न नपाइने शीर्षकमा खर्च दावी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।११।३० मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय हरिहरभवनबाट मिति २०७५।११।३० मा जारी भएको सूचना करदाताले मिति २०७५।१२।०३ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७५।१२।०७ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७१/०७२ का लागि रु. २२,३०,०२,४७८।- करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालयबाट मिति २०७५/१२/१० मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालयले मिति २०७५/१२/१० मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी साविक विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेड हाल सिद्धार्थ बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५/१२/२१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले चन्दा कट्टी, गैर बैकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था खर्च कट्टी सम्बन्धमा आयकर ऐन,२०५८ को दफा ११८ बमोजिम उक्त खर्च कट्टी नपाउने गरी गरेको शुरु

कार्यालयको निर्णय कानुनसम्मत नै देखिएकोले निवेदकको जिकिर नपुग्ने भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०५।०३ मा भएको निर्णय ।

७. करदाताले दावी गरेको खर्च अघिल्लो वर्ष नै खर्च दावी गरिसकेको, आ.ब.०७१/०७२ मा कम खर्च दावी गरी आयकर तिरिएको हुँदा अघिल्लो वर्षको खर्चले मान्यता नदिई करयोग्य आय कायम गरी सोही बमोजिम गैरकानुनी तरिकाले खर्च कट्टी गरी कर निर्धारण गर्ने गरी शुरु कार्यालयले गरेको संशोधित कर निर्धारण आदेश र सोही आधारमा आन्तरिक राजस्व विभागबाट सदर गर्ने गरी भएको निर्णय बदर गरी पुनः कर निर्धारण गरी पाउँ भन्ने व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६।०९।०३ गते यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।१०।१५ मा भएको आदेश ।

९. यसमा आयकर ऐन,२०५८ को दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण भई थप कर निर्धारण गरेको रकमको हकमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(क) बमोजिम पुनरावेदकबाट अपुग धरौटी रकम दाखिल गर्ने गरी यस न्यायाधिकरणबाट मिति २०७६।११।१२ मा भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

११. उपर्युक्त बमोजिमको पुनरावेदन जिकीर तथा विद्वान कानुन व्यवसायीको बहस जिकीरलाई समेत दृष्टिगत गरी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. यसमा ठूला करदाता कार्यालय, हरिहरभवन प्रमुख कर प्रशासक श्री धनीराम शर्माबाट भएको मिति २०७५/१२/१० को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति

२०७५/१२/२१ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विष्णुप्रसाद नेपालबाट मिति २०७६/०५/०३ भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.८३,४६,४२२।५१ को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.४१,७३,२११।२५ वापत दाखिला गर्नु पर्नेमा सो गरेको नदेखिएकोले रु.४१,७३,२११।२५ न्यून भएको अवस्थामा धरौटी भए/नभएको, पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७६।०९।०३ मा पुनरावेदन दर्ता गरेको देखियो ।

१३. पुनरावेदक करदाताले पुनरावेदन दर्ता गर्दाको अवस्थामा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) बमोजिम राख्नुपर्ने रु.४१,७३,२११।२५ धरौटी रकम दाखिला नगरी पुनरावेदन दायर गरेको पाइयो। धरौटी रकमको सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था भएकोमा करदाताले कानुनी व्यवस्था बमोजिम धरौटी दाखिला गर्नुपर्नेमा सो गरेको देखिदैन।अपुग देखिएको धरौटी रकम दाखिला गर्ने सम्बन्धमा करदातालाई यस न्यायाधिकरणको मिति २०७६।११।१२ को आदेश बमोजिम १५ दिन भित्र नपुग धरौटी रकम दाखिला गर्न मौका प्रदान गरिएको पाइन्छ। करदाताले सो आदेशानुसार नपुग धरौटी रकम जम्मा नगरी मिति २०७६।१०।२१ मा आयकर बक्यौता वापत रकम जम्मा गरेको राजस्व भौचरको अप्रमाणित प्रतिलिपी मिति २०७६।११।२७ को निवेदन साथ पेश गरेको देखिन्छ। यसरी राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) को परिपालना नगरी दर्ता भएको पुनरावेदन मुद्दाको रोहबाट इन्साफ गर्न मिलेन।

१४. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाताले पुनरावेदन दायर गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) बमोजिम राख्नुपर्ने पुरा धरौटी रु.४१,७३,२११।२५ दाखिला नगरी पुनरावेदन गरेको, यस न्यायाधिकरणको मिति २०७६।११।१२ को आदेश बमोजिम १५ दिन भित्र नपुग धरौटी रकम दाखिला गर्न मौका प्रदान गरिएकोमा आदेशानुसार नपुग धरौटी रकम जम्मा नगरी मिति २०७६।१०।२१ मा आयकर बक्यौता वापत रकम जम्मा गरेको भौचरको प्रतिलिपी पुनरावेदकले मिति २०७६।११।२७ को निवेदन साथ पेश गरेको भएपनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) को परिपालना नगरी दर्ता भएको प्रस्तुत पुनरावेदनबाट इन्साफ गर्न मिलेन।प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ।पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. प्रस्तुतफैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

उक्त रायमा मेरो सहमती छ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

फैसला तयारीमा सहयोग पुऱ्याउनहुनेः-

इजलास अधिकृतः सनिता लामा
फैसला मितिः-२०७९।०३।२८।०३
प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौ मुकाम ललितपुरको छाप